दर्ता नं. २०११६२/०७५/०७६

"सामुहिक पहिचानका लागि सामुहिक लगानी"
(२५ मेगावाटको सेतीनदी जलविद्युत आयोजना)

# भिजन लुम्बिनी उर्जा कम्पनी लि.
# VISION LUMBINI URJA COMPANY LTD.

रजिष्टर्ड कार्यालय : बुटवल-६, गुरुद्वारापथ, रुपन्देही
कर्पोरेट कार्यालय : बुद्धनगर-१०, काठमाडौं

च. नं. 116-082/083

मिति : २०८२/०८/२६

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरप्लाजा, भद्रकाली, काठमाण्डौ ।

विषय : **सातौं बार्षिक साधारण सभा प्रयोजनका लागी शेयर दर्ता किताब बन्द (book close) रहने सम्बन्धमा ।**

महोदय,

उपरोक्त विषयको सम्बन्धमा यस भिजन लुम्बिनी उर्जा कम्पनी लि.को मिति २०८२/०८/२५ गते अपरान्ह ४:३० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार कम्पनीको सातौं बार्षिक साधारण सभा मिति २०८२ पौष १९ गते शनिबार बिहानको ११:३० बजे देहाय बमोजिमका बिषयहरुमा छलफल गरी निर्णय गर्न संचालन गरिने हुँदा र उक्त बार्षिक साधारण सभा प्रयोजनका लागी २०८२ पोष ९ गते कम्पनीको शेयर दर्ता किताब बन्द -(book close) रहने ब्यहोरा जानकारीको लागी अनुरोध छ । साथै सो सम्बन्धी सुचना यस कम्पनीले २०८२।०८।२६ गतेको राष्ट्रिय स्तरको दैनिक पत्रिका बुटवल टुडे मा प्रकाशित गरिएको ब्यहोरा तहाँको जानकारीको लागी अनुरोध गर्दछु । साथै उक्त सुचनाको ब्यहोरा यसै पत्रसाथ संलग्न गरिएको ब्यहोरा जानकारी गराउदछौ ।

**१. सभा हुने मिति, स्थान तथा समय :**

मिति: २०८२ पौष १९ गते, शनिवार तदनुसार ( जनवरी ३, २०२६)
स्थान: दियालो फुडल्याण्ड कालिकानगर प्रा.लि, बुटवल उपमहानगरपालिका
समय: विहान ११:३० बजे

**२. सभामा छलफल गरिने प्रस्तावहरु :**

**क) सामान्य प्रस्तावहरु :**

१. संचालक समितिका तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०८१/०८२ को बार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने बारे,

२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/०८२ को बार्षिक आर्थिक विवरण ( आषाढ मसान्त २०८२ को वासलात, तथा सोही मितिमा समाप्त आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण शेयर पुँजीमा भएको परिवर्तन लगायत सो सँग सम्बन्धित अन्य अनुसूचिहरु) उपर छलफल गरि पारित गर्ने बारे,

च. नं.

३. कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. २०८२/०८३ को लेखापरिक्षण गर्नको लागि लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने बारे,

४. कम्पनीको सञ्चालक समितिमा प्रतिनिधित्व गर्नुभएका स्वतन्त्र सञ्चालक (१ जना) को नियुक्ती अनुमोदन गर्ने सम्बन्धमा,

ख) विशेष प्रस्तावहरु :

१.नियामक निकायहरुबाट प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन, फेरबदल एवं थपघट लगायतका कुनै निर्देशनहरु प्राप्त भएमा सोही बमोजिम संशोधन, फेरबदल एवं थपघट गर्न संचालक समितिलाई आवश्यक सम्पुर्ण अख्तियारी प्रदान गर्ने,

ग) विविध ।

भवदीय,

SETI RIVER
VISION LUMBINI URJA COMPANY LTD.
BUTWAL, RUPANDEHI

जगत बहादुर पोखरेल
**प्रबन्ध संचालक**

बोधार्थ
१. श्री नेपाल धितोपत्र बोर्ड ।
२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
३. श्री विद्युत नियमन आयोग
४. श्री विद्युत विकास विभाग
५. श्री मुक्तिनाथ क्यापिटल लि., नक्साल, काठमाडौं ।

SETI RIVER
VISION LUMBINI URJA COMPANY LTD.
BUTWAL, RUPANDEHI

# भिजन लुम्बिनी उर्जा कम्पनी लिमिटेड

**रजिष्ट्र्ड कार्यालय :बुटवल उपमहानगरपालिका -६, रूपन्देही, नेपाल**

**फोन : ०७१ -५३४३१६**

# सातौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२।०८।२६ गते**

**आदणीय सेयरधनि महानुभावहरू,**

यस भिजन लुम्बिनी उर्जा कम्पनी लि.को मिति २०८२/०८/२५ गते अपरान्ह ४:३० बजे बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस भिजन लुम्बिनी उर्जा कम्पनी लिमिटेडको सातौं वार्षिक साधारण सभा निम्न मिति, स्थान, र समयमा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न संचालन हुने भएको हुँदा

कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितीका लागि यो सूचना प्रकासित गरिएको छ।

१. **सभा हुने मिति, स्थान तथा समयः**

मितिः २०८२ पौष १९ गते, शनिवार तदनुसार ( जनवरी ३, २०२६)

स्थानः दियालो फुडल्याण्ड कालिकानगर प्रा.लि, बुटवल उपमहानगरपालिका

समयः विहान ११:३० बजे

२. **सभामा छलफल गरिने प्रस्तावहरूः**

**क) सामान्य प्रस्तावहरू :**

१. संचालक समितिका तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने बारे,

२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/०८२ को बार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०८२ को वासलात, तथा सोही मितिमा समाप्त आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण शेयर पुँजीमा भएको परिवर्तन लगायत सो सँग सम्बन्धित अन्य अनुसूचिहरू) उपर छलफल गरि पारित गर्ने बारे,

३. कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. २०८२/०८३ को लेखापरिक्षण गर्नको लागि लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने बारे,

४. कम्पनीको सञ्चालक समितिमा प्रतिनिधित्व गर्नुभएका स्वतन्त्र सञ्चालक (१ जना) को नियुक्ती अनुमोदन गर्ने सम्बन्धमा,

**ख) विशेष प्रस्तावहरूः**

१. नियामक निकायहरूबाट प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन, फेरबदल एवं थपघट लगायतका कुनै निर्देशनहरू प्राप्त भएमा सोही बमोजिम संशोधन, फेरबदल एवं थपघट गर्न संचालक समितिलाई आवश्यक सम्पुर्ण अख्तियारी प्रदान गर्ने,

**ग) विविध ।**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी सामान्य जानकारीहरू :

१) सातौं बार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२/०९/०९ गते १ (एक) दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिनेछ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२/०९/०८ गते सम्म कारोवार भई सिडिएस एण्ड क्लियरिङ्ग लि.बाट राफसाफ भएको र कम्पनीको शेयर रजिष्ट्रार मुक्तिनाथ क्यापिटल लि.को अभिलेखमा दर्ता भएका शेयरधनीहरू सो सभामा भाग लिन योग्य हुने छन्।

२) शेयरधनी महानुभावहरूको उपस्थिती पुस्तिकामा दस्तखतामा गर्न शेयरधनी उपस्थिती पुस्तिका बिहान ८:०० बजे देखी सभा संचालन रहेसम्म खुल्ला गरिनेछ।

३) बार्षिक साधारण सभामा भाग लिन आउनुहुने शेयरधनी महानुभावहरूले आफ्नो परिचय खुल्ने प्रमाण कागजात तथा हितग्राही खाता खोलि शेयर अभौतिकरण गरिएको विवरण देखिने DEMAT Account Statement वा शेयर प्रमाण पत्र साथमा लिई आउनु हुन अनुरोध गर्दछौं, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन।

४) सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीका लागि आर्थिक विवरण लगायतका बार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरू, साधारण सभा सम्बन्धी जानकारी तथा साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) कम्पनीको Website: https://visionlumbiniurja.com मा प्राप्त गर्न सक्नु हुनेछ।

५) साधारण सभमा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहाने शेयरधनीहरूले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधि (प्रोक्सी) फाराम भरी सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै अर्थात् मिति २०८२/०९/१७ गते बिहान ८:०० बजे भित्र कम्पनीको रजिष्टर्ड कार्यालय बुटवल ६ रूपन्देहीमा वा कर्पोरेट कार्यालय बुद्धनगर १०, काठमाण्डौं दर्ता गराई सक्नु पर्नेछ। एक भन्दा बढि व्यक्तिलाई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको पाइएमा उक्त प्रोक्सी बदर हुनेछ।

६) प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रोक्सी फेरबदल गर्न चाहेमा यस अघि दिइएको प्रोक्सी बदर गरी यो प्रोक्सीलाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रतिनिधि (प्रोक्सी) फाराम भरी सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय बुटवल ६ रूपन्देहीमा वा कर्पोरेट कार्यालय बुद्धनगर १०, काठमाण्डौंमा दर्ता गराएको अवस्थामा पुरानो प्रोक्सी स्वतः बदर भएको मानि पछिल्लो प्रोक्सीलाई मान्यता दिइने छ। प्रतिनिधि नियुक्त गरे पश्चात् शेयरधनी स्वयं सभामा उपस्थित भई हाजिरी पुस्तिकामा हस्ताक्षर गरेमा निजले दिएको प्रोक्सी स्वतः बदर हुनेछ।

७) नाबालक शेयरधनीहरूको तर्फबाट कम्पनीको शेयरधनी दर्ता किताबमा संरक्षकको नाममा दर्ता भएका महानुभावले सभामा भाग लिन वा मतदान गर्न वा प्रोक्सी नियुक्त गर्न सक्नेछन्।

८) साधारण सभामा आफ्नो मन्तव्य राख्न चाहाने शेयरधनी महानुभावहरूले सभा सुरु हुनु भन्दा अगावै आफ्नो नाम कम्पनीको आधिकारी प्रतिनिधि/कम्पनी सचिवलाई टिपाउनु पर्नेछ।